नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**व्यवस्थापन सेवा विभग**

***नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, ६ नं. भवनको तेस्रो तल्लामा सिभिल तथा इलेक्ट्रिकल कार्य गर्नको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना***

***(प्रथम पटक प्रकशित मिति २०७५/१२/२१)***

नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, ६ नं. भवनको तेस्रो तल्लामा सूचना प्रविधि तथा व्यवस्थापन सूचना प्रणाली विभाग अन्तर्गत कार्ड इकाइमा कोठामा आल्मुनियम पार्टिशन, रङ्गरोगन तथा एअरकन्डीसन जडान गर्ने कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनको ११:०० वजे भित्र पेस गर्न सिलवन्दि दरभाउपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाण्डौं बैंकिङ्ग अफिसमा प्र.का.१ हिसाव,जि.एल.कोड९१७०१०१०१ मा रु.१,०००/-(पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागवाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । सो सम्वन्धी शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलवन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धी थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ ।

**<u>तपसिल</u>**

१) दरभाउपत्रदाता फर्मले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको दर रेट (BOQ) खुलाइ, न्युनतम रु.२०,०००/- धरौटी वापत यस बैंकको काठमाण्डौ बैंकिङ्ग अफिसमा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको अन्य ‘क’वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । विड बन्डको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तिम मितिले ४५ दिनको हुनेछ ।

२) दरभाउपत्रदाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र,कार्य अनुभवको प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थाई लेखादर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७४/०७५ को कर चुक्ता प्रमाणपत्र र फर्म/कम्पनी तथा व्यवसायी कालो सूचिमा नपरेको स्वघोषण पत्र पेश गर्नुपर्नेछ ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको दरभाउपत्र फारामनै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले २१ दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

दरभाउपत्र प्राप्त गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय,व्यवस्थापन सेवा, विभाग ।
दरभाउपत्र खरिद गर्ने अन्तिम मिति :- २०७५/०१/०५ गते विहिबार कार्यालय समय भित्र ।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७५/०१/०६ गते शुक्रबार विहान ११:०० वजेसम्म ।
दरभाउपत्र दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय,व्यवस्थापन सेवा विभाग ।
दरभाउपत्र खोल्ने मिति :- २०७५/०१/०६ गते शुक्रबार बिहान ११:५५ बजे नेपाल बैंक लिमिटेड प्रधान कार्यालय,.,व्यवस्थापन सेवा विभाग, काठमाण्डौ ।

<u>बैंकको अनुमानित लागत</u> :-
सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग **दुबै गरी भ्याट सहित कूल जम्मा रकम रु.७,५५,२२१/-(अक्षेरेपी सात लाख पचपन्न हजार दुई सय एक्काइस मात्र)**